# उपाध्यक्ष श्री रामेश्वर सिम्खडाज्युद्वारा

# प्रस्तुत आ.व. २०८३/०८४ को बजेट बक्तब्य

२०८३

गङ्गाजमुना गाउँपालिकाका उपाध्यक्ष श्री रामेश्वर सिम्खडाज्यूले गाउँसभाको १९ औं अधिवेशन समक्ष मिति २०८३/०३/०७ गते प्रस्तुत गर्नु भएको बजेट वक्तव्यः

यस गाउँपालिकाको गरिमामय गाउँसभाको १९ औं अधिवेशनका श्रद्धेय सभाध्यक्ष तथा गङ्गाजमुना गाउँपालिकाका अध्यक्ष श्री भक्त वहादुर लामाज्यू,

प्रमुख अतिथि जिल्ला समन्वय प्रमुख श्री नवराज अधिकारी क्षेत्रीज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी साथीहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

१. वि.सं. २०८३ साल आषाढ ७ गते आइतबारको दिन बागमती प्रदेश धादिङ, जिल्लाको पर्यटकीय स्थल ऐतिहासिक एवं रमणीय ठाउँ गङ्गाजमुना माई धार्मिक स्थलको नामबाट स्थापित यस गङ्गाजमुना गाउँपालिकाको आगामी आ.व. २०८३।०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभा समक्ष उपस्थित हुँदा गौरवान्वित भएको छु । यस गौरवपूर्ण अवसरमा २००७ सालको प्रजातान्त्रिक आन्दोलन, २०४६ सालको जनआन्दोलन, महान दश वर्षे जनयुद्ध, तथा शसस्त्र आन्दोलन, २०६२/६३ सालको १९ दिने जनआन्दोलन, मधेश आन्दोलन, २०८२ भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलन लगायतका विभिन्न कालखण्डका राजनैतिक सामाजिक अधिकार प्राप्तिका लागि नेपाली जनताको बलिदान पूर्ण संघर्ष र आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आन्दोलनको क्रममा घाइते हुनु भएका घाइतेहरुको शीघ्र स्वास्थ्य

लाभको कामना गर्दै वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । साथै मुलुकको राजनैतिक, आर्थिक एवम् सामाजिक परिवर्तनका लागि युगान्तकारी ढङ्गले नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने राजनैतिक नेतृत्व लगायत सम्पूर्ण महानुभावहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहान्छु ।

२. स्थानीय सरकार आफैंमा अधिकार सम्पन्न छ । सिंहदरबारको अधिकार गाउँ गाउँमा भन्ने नीतिलाई व्यवहारमा लागू गर्दै संविधानमा व्यवस्था गरिएका संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक, समावेशी, समानुपातिक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य लिइएको छ । एकल अधिकारअन्तर्गत आफ्नो क्षेत्रभित्रका विषयमा कानुन बनाउने, नियमन गर्ने वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने जस्ता कार्य सम्पादन हुन्छ । सोही अनुरुप यस गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरी जनमुखी उत्कृष्ट सेवा प्रवाहमा जोड दिन आवश्यक ठान्दछु ।

आदरणीय सभाका सभाध्यक्षज्यू,

३. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सुशासन प्रवर्धन, ग्रामीण स्वास्थ्य सेवा, भौतिक पूर्वाधार विकास, कृषि प्रवर्द्धन, गुणस्तरीय शिक्षाको विकास, वातावरण मैत्री ग्रामिण शहरको व्यवस्थापन, पर्यटन विकास, होमस्टे प्रवर्द्धन, विपद् व्यवस्थापन तथा क्षमता विकास, गरिबी न्यूनीकरण, सामाजिक समावेशीकरणका सवालहरु, बालमैत्री स्थानीय शासन पद्धति, गुणस्तरीय सेवा सुविधामा गाउँपालिकाबासीको पहुँच

अभिवृद्धि हुने अवसर सृजना, सुदृढ आर्थिक विकास, पारदर्शिता र निर्वाचित जनप्रतिनिधिहरुलाई विकास प्रकृयाको क्रममा सबल र सक्षम बनाउने आधारलाई बजेट निर्माणको सोचको रुपमा लिएको छु ।

४. नेपाली जनताको त्याग र बलिदानीबाट प्राप्त नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सुशासनको माध्यमबाट सार्वभौम गाउँपालिकाबासीहरुलाई आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्न समानुपातिक, समावेसी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै आफ्नो समाज र क्षेत्रको विकासका लागि स्रोत साधनको विनियोजन, परिचालन गर्ने जिम्मेवारी र अधिकारको अधिकतम उपयोग गर्दै जवाफदेहिता वहन एवम् पारदर्शितालाई मनन् गरी आगामी आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

५. मैले मूलतः वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा नीतिमा अवलम्वन गरिएका आधारहरु अनुरुप गाउँपालिकाको आवधिक योजना, दीगो विकासका लक्ष्यहरु, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, सोह्रौं योजनाका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा गरेका सन्धी तथा प्रतिवद्धताहरु, संघ, प्रदेश सरकारबाट जारी नीति, कानून, मापदण्डहरुका साथै क्षेत्रगत गुरुयोजनाहरु र विगतका आर्थिक वर्षका योजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।साथै गत आ.व.हरुबाट लागु भएको गाउँपालिकाबाट छनौट भएका पालिका गौरबका आयोजनाहरुलाई निरन्तरता दिदै विकासका मूलभूत

सिद्धान्तलाई व्यवहारमा उतार्न क्षेत्रगत नीति, रणनीति, कार्यनीति र कार्यक्रम बनाई प्रस्ताव गरेको छु । यसबाट नतिजामूखी वजेट प्रणालीको विकास भई नागरिक प्रति जवाफदेही, जिम्मेवारी र उत्तरदायी प्रशासनको प्रवर्द्धन हुने अपेक्षा गरेको छु ।

आदरणीय सभाका सभाध्यक्ष महोदय एवम् सभाका सदस्यज्यूहरु,

६. आगामी आर्थिक वर्षको बजेट जनआकांक्षा, आवश्यकता, नयाँ परिस्थितिले सिर्जना गरेका चुनौतीहरुलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनुपर्छ भन्नेमा म सजग छु । यस अवस्थामा सबै गाउँपालिकावासीहरुको जीवन रक्षा गर्ने, भविष्य प्रति आधारयुक्त आशा जगाउने र पूर्वाधार विकास निर्माणको आधार तय गर्दै अगाडी बढ्ने गरी मैले बजेट तर्जुमा गरेको छु ।

७. गाउँपालिकाले सीमित स्रोत र साधनको उच्चतम उपयोगमार्फत पूर्वाधार विकास, आर्थिक तथा सामाजिक क्षेत्रको उत्साहप्रद प्रगतिका लागि कदम चालिरहेको बेहोरा अनुरोध छ ।

८. अव म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

क) विपद् व्यवस्थापन र जीवन रक्षाः सबै प्रकारका प्रकोप र महामारीबाट नागरिकको जीउज्यानको रक्षा गर्दै सुरक्षित जनजीवनको सुनिश्चितता गर्ने।

ख) गुणस्तरीय शिक्षा र मानव विकासः विद्यालयको भौतिक र प्रविधिमैत्री सुधार, प्राविधिक शिक्षामा जोड र विपन्नलाई छात्रवृत्ति मार्फत दक्ष जनशक्ति निर्माण गर्ने।

ग) सुलभ स्वास्थ्य र पोषणः आधारभूत स्वास्थ्य सेवा, औषधि र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्दै स्वास्थ्य बिमा र पोषण कार्यक्रमको विस्तार गर्ने।

घ) स्वच्छ खानेपानी र स्वच्छता (मिशन २०८३): "एक घर, एक धारा" को लक्ष्य पूरा गर्ने र दिगो फोहोरमैला व्यवस्थापन मार्फत वर्ष २०८३ भित्र पालिकालाई नमूना सफा र स्वच्छ गाउँपालिका घोषणा गर्ने।

ङ) स्थानीय अर्थतन्त्र र समृद्धिः सङ्घ र प्रदेशको लक्ष्यसँग तादात्म्य मिलाई सहकारी, निजी क्षेत्र र नागरिक समाजसँगको सहकार्यमा कृषि, पर्यटन र उद्यमशीलताको विकास गरी समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

च) उत्थानशील र योजनाबद्ध पूर्वाधारः आवधिक योजना र यातायात गुरुयोजनाका आधारमा सडक स्तरोन्नती र पक्की पुल निर्माण गर्ने साथै बायो-इञ्जिनियरिङ् प्रविधि अपनाई जलवायु अनुकूलित पूर्वाधार बनाउने।

छ) सरलीकृत सेवा प्रवाह र प्रविधिः गाउँपालिका, वडा र स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई प्रविधिमैत्री, पारदर्शी र झन्झटरहित बनाउने।

ज) साझेदारी र सशक्तीकरणः गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी नागरिक सचेतना, सरसफाइ र लक्षित वर्ग (महिला, दलित, विपन्न) को आर्थिक-सामाजिक सशक्तीकरण गर्ने।

झ) सुशासन र सदाचार प्रवर्धनः प्रशासनिक कार्यलाई पारदर्शी र जवाफदेही बनाई सुशासन र नागरिकका मौलिक हकको ग्यारेन्टी गर्ने।

ञ) नतिजामूलक विकास व्यवस्थापनः योजना तर्जुमा र अनुगमन प्रणालीलाई सूचना प्रविधि, तथ्य र प्रमाणमा आधारित बनाई नतीजामूलक बनाउने।

९. माथि उल्लेखित उद्देश्यहरु हासिल गर्न देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

- ✓ गाउँपालिकाको गौरवका आयोजना र रणनीतिक सडक पूर्वाधार विकासका योजना,
- ✓ मुख्य सडकहरुलाई तोकिएको मापदण्ड पुरा गरी सडक स्तोन्नती गरिने,
- ✓ बिद्यालय शिक्षा पूर्ण निःशुल्क गरी गुणस्तरीय तथा प्रविधिमैत्री शैक्षिक सिकाई उपलब्धि बृद्धिमा जोड दिने र गाउँ शिक्षा योजना (२०८३/८४-२०९२/९३) कार्यान्वयन गर्ने,
- ✓ गङ्गाजमुना आधारभूत अस्पतालबाट गुणस्तरीय सेवा विस्तार गरिने,
- ✓ पर्यटन पूर्वाधार क्षेत्रको विकास अन्तर्गत ग्रिन ट्रेकिङ ट्रायल निर्माणमा निरन्तरता, होमस्टे प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता

- ✓ मिटर सहितको एक घर एक धाराको नीति अनुरुप सुरक्षित खानेपानी पूर्वाधार विकास सहित गा.पा.लाई "नमूना, सफा र स्वच्छ" गाउँपालिका घोषणा गरिनेछ।
- ✓ कृषि उत्पादनमा जोड तथा कृषि उत्पादनमा अनुदान प्रोत्साहन कार्यक्रम साथै एक वडा एक कृषि पकेट क्षेत्र विकासमा थप जोड दिने।
- ✓ यस गङ्गाजमुना गाउँपालिकामा कार्यान्वयन हुने सङ्घीय तथा प्रादेशिक योजनाहरुको अनुगमन तथा निरीक्षण प्रणालीलाई व्यवस्थित गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरी अनुगमन तथा निरीक्षणमा जोड दिइनेछ।
- ✓ AI सहितको संस्थागत क्षमता विकास सुशासन, जनमुखी र प्रविधिमैत्री सेवा प्रवाह
- ✓ लक्षित वर्ग कार्यक्रम (शहिद परिवार, दलित, महिला...) आदि
- ✓ विपद् जोखिम व्यवस्थापन

आदरणीय सभाका सभाध्यक्ष एवम् सभाका सदस्यज्यूहरु,
अब म आगामी आ.ब. २०८३/०८४ को अनुमानित आय व्यय पेश गर्न चाहान्छु ।

<u>आय तर्फः</u>

१०. आर्थिक वर्ष २०८३/०८४ का लागि वित्तीय परिचालन र खर्च अनुमान गर्दा वित्तीय सन्तुलन कायम गर्ने उद्देश्य लिई सोही अनुरुप योजना तथा कार्यक्रमहरु तर्जुमा गरी रकम विनियोजन गरेको छ । आगामी आर्थिक वर्षका लागि कूल ६० करोड ५३ लाख रुपैयाँ आय प्रस्ताव गरेको छ । यस अन्तर्गत गाउँपालिकाको आन्तरिक आयबाट ९९ लाख रुपैयाँ र मौज्दात संचित कोषमा रु ३ करोड ५० लाख रुपैया हाल अनुमान गरेको छ। संघीय सरकारबाट राजश्व बाँडफाडँ वापत ९ करोड १३ लाख २८ हजार रुपैयाँ, सङ्घीय वित्तीय समानीकरण वापत ११ करोड ९६ लाख रुपैयाँ, संघीय सशर्त अनुदानवापत २३ करोड २३ लाख र संघीय समपुरक अनुदान वापत १ करोड ९५ लाख, सङ्घीय विशेष अनुदान वापत १ करोड प्राप्त भएको छ भने प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत ३ करोड २० लाख ९७ हजार ६ सय ७० रुपैयाँ, प्रदेश वित्तीय समानीकरण वापत १ करोड ११ लाख २ हजार, प्रदेश सशर्त अनुदान वापत १ करोड ३४ लाख २९ हजार, प्रदेश समपूरक अनुदान वापत २ करोड ४० लाख र प्रदेश विशेष अनुदान वापत ७० लाख बजेट प्राप्त भएको छ । समग्रमा संघीय सरकारबाट जम्मा ४७ करोड २७ लाख २८ हजार रुपैयाँ र प्रदेश सरकारबाट ८ करोड ७६ लाख २८ हजार ६ सय ७० रुपैयाँ गरी जम्मा ५६ करोड ०३ लाख ५६ हजार ६ सय ७० रुपैयाँ सङ्घीय सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त भएको छ ।

**व्यय तर्फः**

११. यस आर्थिक वर्षमा जनसंख्या, भौगोलिक र राजश्वको स्थिति लगायतका सूचकहरुको आधारमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णयानुसार सबै वडाहरुको लागि जम्मा ५ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

१२. पूर्वाधार विकासअन्तर्गत सङ्घ र प्रदेश समपूरक तथा विशेष अनुदान र पालिका साझेदारी गरी

| | |
|---|---|
| डाडाँगाउँ फूलखर्क चापेधारा चण्डी माछापोखरी छेलाङ चिम्चोक तावल किचेत सडक स्तरोन्नती, गङ्गाजमुना गा.पा. (सङ्घ समपुरक साझेदारी) | १ करोड ८४ लाख |
| सुकभञ्जयाङ ढापँबजार गाउँपालिका केन्द्रसम्म सडक स्तरोन्नती, गङ्गाजमुना गा.पा. (सङ्घ समपुरक साझेदारी) | १ करोड ४२ लाख |
| आहालडाडाँ भोर्ले र देउराली पिप्ले सडक स्तरोन्ती वडा नं ७ र ६ | २ करोड |
| फाप्रे कातिके नयाँ चौतारा र किन्ताङफेदी साल्मेटार गुम्दी भिरकुना सडक स्तरोन्ती वडा नं ५,४,३ | २ करोड |
| गङ्गाजमुना गाउँपालिका भरि आधारभूत स्वास्थ्य सेवा गुणस्तर अभिबृद्धी | १ करोड |
| गङ्गाजमुना खानेपानी योजना वडा नं. १ | ७० लाख |

ठूला तथा साना सडकहरुको स्तरोन्नति, खानेपानी संरचना लगायत सार्वजनिक संरचना निर्माण लगायतका लागि १४ करोड ४६ लाख बजेट विनियोजन गरेको छु । गाउँपालिकाबाट कार्यान्वयन हुने सम्पूर्ण योजनाहरु सञ्चालन तथा निर्माण पश्चात गरिने सार्वजनिक सुनुवाई कार्यक्रमलाई अनिवार्य गर्दै पारदर्शिता, जवाफदेहिता, सामाजिक सहभागीता र अपनत्वलाई कडाईका साथ लागु गरिनेछ ।गाउँपालिकाभित्र कार्यान्वयन हुने योजनाहरुको अनुगमन तथा निरीक्षण प्रणालीलाई थप व्यवस्थित गर्दै ल्याव टेष्ट लगायत विभिन्न उपकरणहरुको प्रयोग गरी गुणस्तर परीक्षण गरी भुक्तानी गर्ने व्यवस्थालाई अझै थप प्रभावकारी बनाईनेछ ।

१३. शिक्षा तर्फ सम्पुर्ण विद्यालयमा स्मार्ट टिभि, स्मार्टबोर्ड, ल्यापटप जस्ता आई सि टी सामाग्री वितरण गरी कक्षाकोठाको शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउन शिक्षकको क्षमता विकासको लागि समेत आवश्यक बजेट विनियोजन गरेको छु। सम्बत २०८३ भित्र भित्र आधारभुत तहको शिक्षामा सबैको पँहुच सुनिश्चित गर्न वैकल्पिक शिक्षा समेतको व्यवस्था मिलाएको छु।विद्यार्थी शिक्षकको प्रतिभा पहिचान, कार्यसम्पादनको आधारमा प्रोत्साहन र स्मार्ट शिक्षक विकासको लागि आवश्यक बजेट विनियोजन गररेको छु।१० वर्षे गाउँ शिक्षा योजना कार्यान्वयन गर्न ससर्त अनुदान बाहेक थप २ करोड १८ लाख बजेट विनियोजन गरेको छु।

१४. यूवा तथा खेलकुद विकासका लागि १७ लाख बजेट विनियोजन गरेको छु । जस अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनको लागि १० लाख रकम विनियोजन गरेको छु।

१५. सामुदायिक सिकाइ केन्द्र मार्फत कार्यक्रम सञ्चालन गर्न वडा स्तरीय खेलकुद विकास तर्फ रु ७ लाख बजेट विनियोजन गरेको छु ।

आदरणीय सभाका सभाध्यक्ष महोदय,

१६. त्यसै गरी स्वास्थ्य तर्फ सङ्घीय विशेष अनुदानबाट गङ्गाजमुना गाउँपालिका भरि आधारभूत स्वास्थ्य सेवा गुणस्तर अभिबृद्धी कार्यक्रममा १ करोड बजेट विनियोजन गरेको छु।यस बाट स्वास्थ्य संस्थाहरुको सेवा प्रवाह गुणस्तरिय र प्रविधिमैत्री बनाउन आवश्यक स्वास्थ्य उपकरण खरिद गरिने छ। त्यस्तै यस गाउँपालिकामा संचालनमा रहेको गङ्गाजमुना आधारभूत अस्पताल संचालनको लागि ९० लाख बजेट व्यवस्थापन गरेको छु । गाउँपालिकाका भित्रका स्वास्थ्य संस्थाबाट प्रभावकारी र व्यवस्थित स्वास्थ्य सेवा प्रदान गर्नका लागि दरबन्दी बमोजिम नपुग भएका स्वास्थ्य संस्थामा करार सेवामा कर्मचारी पूर्ति गरी सेवा सञ्चालन गर्नका लागि ९० लाख बजेट विनियोजन गरेको छु। साथै सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवा तथा सुत्केरी महिलाको ज्यान खतरा हुने अवस्थामा निःशुल्क हवाई उद्धार सेवालाई निरन्तरता दिएको छु र एम्वुलेन्स व्यवस्थापन कार्यमा सुधार गर्ने साथै स्वास्थ्य चौकीमा सुत्केरी हुने सुत्केरी आमा पोषण कार्यक्रम लगायत सरसफाईका सामाग्री प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।साथै गङ्गाजमुना गाउँपालिकामा स्थायीरुपमा बसोबास गर्ने दम्पतिबाट दुई भन्दा बढी सन्तान जन्माउने परिवारलाई मासिक रु १ हजार रुपैया पोषण भत्ताको व्यवस्था गरेको छु ।आयुर्वेद तथा वैकल्पिक चिकित्सा

कार्यक्रम अन्तर्गत नागरिक आरोग्य केन्द्र संचालन गर्न रु ५ लाख बजेट विनियोजन गरेको छु । साथै गाउँपालिकामा स्थायी ठेगाना भएका दीर्घरोगीहरुलाई दीर्घरोगी उपचार खर्च वापत प्रदान गरिदै आएको बढीमा रु १५ हजार कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिदैं आवश्यक बजेट विनियोजन गरेको छु। उपभोक्ता हितलाई मध्यनजर राखी बजार अनुगमन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

१७. गाउँपालिकाबाट सम्पादन गरिने हरेक विकास निर्माण कार्य लगायत सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी सिद्धान्त अवलम्वन गरी सुशासन प्रवर्द्धन तथा संस्थागत विकासका लागि ५० लाख बजेट विनियोजन गरेको छु ।

१८. "गङ्गाजमुनाको कञ्चन पानी, २०८३ मा झुल्किनेछ सफा र स्वच्छ बिहानी" भन्ने नारा सहित २०८३ चैत्र भित्र गङ्गाजमुना गाउँपालिकालाई नमूना सफा तथा स्वच्छ गाउँपालिका घोषणा गर्न शान्ति नेपालसँगको साझेदारीको लागि रु ५१ लाख बजेट बिनियोजन गरेको छु ।

१९. पर्यटन, कला, सांस्कृतिक प्रर्वद्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । जसमा गाउँपालिकाको गौरवको आयोजना मध्ये ग्रिन ट्रेकिङ ट्रेललाई निरन्तरता दिएको छु ।पर्यटन प्रवर्द्धन तथा वडाहरुमा सञ्चालन गरिने विभिन्न धर्म, कला तथा संस्कृति कार्यक्रमलाई रु १० लाख बजेट विनियोजन गरेको छु । गङ्गाजमुनामाई मन्दिर तथा मेला व्यवस्थापन गर्न गङ्गाजमुना क्षेत्र विकास कोषको लागि रु ९ लाख बजेट विनियोजन गरेको छु।

२०. त्यसैगरी आगामी आर्थिक वर्षमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ २० लाख बजेट विनियोजन गरेको छु । जस अन्तर्गत गङ्गाजमुना गाउँपालिकाका ७ वटै वडाका दलित, महिला, बालबालिका, ज्येष्ठ नागारिक, अपाङ्ग तथा लक्षित वर्गको क्षमता विकास कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । ज्येष्ठ नागरिक सम्मान कार्यक्रम तथा भ्रमण कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु । साथै ४० वर्ष पुगेका एकल महिलाको संरक्षणका लागि रु ६ लाख बजेट विनियोजन गरेको छु । स्थानीयस्तरमा रहेका बाल प्रतिभा खोजी तथा पहिचानको लागि लागि रु ४ लाख बजेट विनियोजन गरेको छु । देश र परिवर्तन र जनताका मुक्तिका खातिर जीवन आहुती गर्ने यस गाउँपालिकाका महान सहिदहरुको सम्झनामा सामाजिक संरचना, सहिद स्मारक निर्माण सुरुवातको लागि रकम विनियोजन गरेको छु।

२१. वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ४० लाख बजेट विनियोजन गरेको छु । जसमध्ये महामारी एवम् प्राकृतिक प्रकोपबाट हुने क्षतीलाई न्यूनीकरण गर्न र विभिन्न खाले पिडितहरुको लागि उद्धार तथा राहतको व्यवस्था गरिनेछ ।

२२. यस गाउँपालिकाको कृषि क्षेत्र तर्फ ५० लाख बजेट विनियोजन गरेको छु।जसमध्ये कृषि पेशातर्फ युवाहरुलाई प्रोत्साहन तथा उन्मुख बनाउन उत्पादनमा अनुदानलाई दिईनेछ । एक वडा एक पकेट क्षेत्रको अवधारणालाई अवलम्बन गर्दै युवा रोजगारीको सिर्जना तथा कृषि व्यवसायको प्रवर्द्धन हुने कुरामा विश्वास लिएको छु ।स्थानीय

कृषि उत्पादनलाई बढावा दिन पक्की टनेल निर्माणको लागि रु १० लाख विनियोजन गरेको छु ।

२३. पशु क्षेत्र तर्फ ४० लाख बजेट विनियोजन गरेको छु । जसमा औषधि, पशु स्वास्थ्य वीमा, पशु पकेट क्षेत्रमा लगानी गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम न्यायिक समितिको अधिकारक्षेत्र भित्र पर्ने कार्यहरुलाई सामाजिक न्यायिक तवरले सम्पादन गर्न मेलमिलाप पद्धतिलाई अवलम्बन गरी थप प्रभावकारी बनाउन एवम् कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्न तथा स्थानीय तहहरुको न्यायिक समितिहरुको पदाधिकारीहरु वीच असलअभ्यास तथा अनुभव आदानप्रदान कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरको छु ।

आदरणीय सभाका सभाध्यक्ष एवम् सभाका सदस्यज्यूहरु,

२५. यस आर्थिक वर्ष ०८३/०८४ को नीति, वजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव सल्लाह तथा निर्देशन प्रदान गरी सहयोग गर्नुहुने जिल्ला समन्वय समितिका प्रमुख ज्यू, गाउँपालिकाका अध्यक्षज्यू, वडाका जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सामाजिक व्यक्तित्व, बुद्धिजीवी समूह, कर्मचारी साथीहरु, शिक्षक वर्ग, सुरक्षा निकाय, नागारिक समाज, सम्पूर्ण करदाता तथा गाउँपालिकाबासीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

२६. यसै गरी नीति, कार्यक्रम तथा बजेटको प्रस्ताव तर्जुमा प्रक्रियामा निरन्तर कार्य गर्ने स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति,

वजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समितिका पदाधिकारीहरु लगायत तयारीमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

२७. यस गरिमामय गाउँ सभामा तपशिल बमोजिमका विधेयकहरु प्रस्तुत गर्दछु ।

तपशिल

क. गङ्गाजमुना गाउँपालिकाको आ.व. २०८३/०८४ को सेवा र कार्यहरुका लागि संचित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधयेक, २०८३

ख. गङ्गाजमुना गाउँपालिकाको आर्थिक विधयेक, २०८३

अन्तमा,

कार्यक्रमको सफल कार्यान्वयनमा समुदाय, जनप्रतिनिधि तथा कर्मचारीहरुको ज्यादै ठूलो भूमिका रहेको हुन्छ । तसर्थ गाउँपालिकाले घोषणा गरेका कार्यक्रमहरुमा गाउँपालिकाबासीहरुले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुग्ने, पुर्‍याउने अपेक्षा लिएको छु । योजना तथा कार्यक्रमको सफल कार्यान्वयनबाट गाउँपालिकाले प्रदान गर्ने सेवामा गुणात्मक सुधार ल्याई सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । यसबाट भविष्यमा स्थानीय सरकारलाई तुलनात्मक रुपमा सुदृढ, व्यवस्थित, सक्षम बनाउन सकिने विश्वास लिएको छु ।गाउँपालिकाले गरेका क्रियाकलापहरुलाई आत्मसात गर्दै समग्र विकासको लागि तथ्य प्रमाणको आधारमा रचनात्मक सुझावको अपेक्षा गरेका छौं । आर्थिक

वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनमा जनप्रतिनिधि, गाउँपालिकाबासी, राजनीतिक दलका प्रतिनिधिहरु, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा गर्दै सबल, सक्षम, समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माणमा आ-आफ्नो ठाउँबाट सक्दो योगदानका साथ सहयोग पुर्‍याउन हुन हार्दिक आव्हान तथा अनुरोध गर्दछु ।

धन्यवाद ।